श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३६ सालको ऐन नं. ८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### गाउँ पञ्चायत ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: गाउँ पञ्चायत ऐन, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "गाउँ पञ्चायत (आठौं संशोधन) ऐन, २०३६" रहेको छ।

(२) यस ऐनको दफा १ र ७ तुरुन्त र अरू दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन्।

२. गाउँ पञ्चायत ऐन, २०१८ को दफा २ मा संशोधन: गाउँ पञ्चायत ऐन, २०१८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ:—

"(ङ) "बसोबास गरेका" भन्नाले तोकिएबमोजिम बसोबास गरेका सम्झनुपर्छ।"

356

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को उप-दफा (३) र (४) को सट्टा देहायको उप-दफा (३) र (४) राखिएका छन्:–

"(३) प्रत्येक वडाका एक्काईस वर्षको उमेर पूरा गरेका, मगज नबिग्रेका र सो वडामा बसोबास गरेका नेपाली नागरिकहरूले आफूमध्येबाट गाउँ सभाको लागि चारजना सदस्यहरूको निर्वाचन गर्नेछन्। यसरी निर्वाचित चारजना सदस्यहरू र दफा १२ को उप-दफा (४) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यसमेत भएको वडा समिति गठन हुनेछ। दफा १२ को उप-दफा (४) को खण्ड (क) बमोजिम निर्वाचित सदस्य सो समितिको पदेन अध्यक्ष हुनेछ।

(४) गाउँ पञ्चायत क्षेत्रभित्र गठन भएका सबै वडाका वडा समितिका सदस्यहरू भएको गाउँसभाको गठन हुनेछ।"

४. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्य भएमा,"

५. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को,–

(१) उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छः–

"(४) प्रत्येक गाउँ पञ्चायतमा प्रधानपञ्च र उप-प्रधानपञ्चको अतिरिक्त देहायबमोजिमका सदस्यहरू रहनेछन्:–

(क) प्रत्येक वडाका एक्काईस वर्षको उमेर पूरा गरेका, मगज नबिग्रेका र सो वडामा बसोबास गरेका नेपाली नागरिकहरूले आफूमध्येबाट एकजनाका हिसावले निर्वाचन गरी पठाएका नौजना सदस्यहरू, र

(ख) प्रचलित कानूनद्वारा व्यवस्था गरिएका अन्य सदस्यहरू।"

(२) उप-दफा (६) को सट्टा देहायको उप-दफा (६) राखिएको छः–

"(६) गाउँ पञ्चायतका सबै वडाहरूका एक्काईस वर्षको उमेर पूरा गरेका, मगज नबिग्रेका र सो वडाहरूमा बसोबास गरेका नेपाली नागरिकहरूले आफूमध्येबाट प्रधानपञ्च र उप-प्रधानपञ्चको निर्वाचन गर्नेछन्।"

६. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः–

"(ख१) जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्य वा राष्ट्रिय पञ्चायतको सदस्य भएमा,"

3CC

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. <u>मूल ऐनको दफा १९ मा संशोधन:</u> मूल ऐनको दफा १९ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) महीनाको एकपटकमा नघटाई समय समयमा आवश्यकतानुसार गाउँ पञ्चायतको बैठक बोलाउने र तोकिएबमोजिम सदस्य उपस्थित भएमा बैठक गर्ने ।"

लालमोहर सदर मितिः– २०३६।७।२६।२

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

३८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।